# सोच पत्र

## २०६८

# भूमिसुधार तथा व्यवस्था मन्त्रालय

## १. पृष्ठभूमि

दुई विशाल राष्ट्र भारत र चीनको बीचमा अवस्थित सुन्दर भू-परिवेष्ठित पहाडी मुलुक नेपाल विश्व मानचित्रमा २६°२२' देखि ३०° २७' उत्तरी अक्षांश सम्म तथा ८०°४' देखि ८८° १२' पूर्वी देशान्तर सम्म फैलिइएको छ। नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ। भौगोलिक बनावटका दृष्टिले पूर्व देखि पश्चिम सम्म फैलिएको क्रमशः उत्तरबाट दक्षिण तर्फ हिमाल, पहाड र तराई गरी तीनवटा भू-खण्डहरुमा विभाजित प्राकृतिक स्वरुप भएको नेपाल जैविक विविधताको धनी एवं प्राकृतिक श्रोतले समुन्नत मुलुक हो। यो देश वहुजातीय, वहुभाषिक, वहुधार्मिक एवं वहुसांस्कृतिक मानव समुदायहरुको साझा आश्रय स्थल हो, जहाँ विविधतामा एकता, सामाजिक सहअस्तित्व र धार्मिक सहिष्णुता छ।

नेपालको कूल ग्राहस्थ उत्पादनमा ३३ प्रतिशत योगदान रहेको कृषि क्षेत्रमा ७४ प्रतिशत क्रियाशील जनशक्ति रहेको छ। साथै अधिकांश जनताको जीवनयापनको प्रमुख श्रोत पनि कृषि क्षेत्र नै रहेको छ। राष्ट्रिय आम्दानीको अर्को प्रमुख श्रोत पर्यटन जुन भौगोलिक, जैविक, सामाजिक एवं सांस्कृतिक विविधतामा आधारित भएतापनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिसंग सम्वन्धित छ। अतः समग्र राष्ट्रको विकास र आम जनताको समुन्नति कुनै न कुनै रुपबाट भूमि र भूमिश्रोत सँग नै सम्वन्धित रहेको छ।

यसो हुँदाहुदै पनि भूमि राष्ट्रिय एजेण्डामा न्यून प्राथमिकतामा परेको र वर्तमान स्थितिमा नेपाली भूमिमा जनताको पहुँच र भूमिश्रोतका उत्पादनहरुको वितरणमा गम्भिर असमानता विद्यमान छ। राष्ट्रिय जीवनस्तर मापन सर्वेक्षण २००४ तथा २०११ का अनुसार ८ प्रतिशत जनसंख्याले ३१ प्रतिशत कृषियोग्य भूमि ओगटेको छ भने ५६ प्रतिशत घरधुरी आधा हेक्टर भन्दा कम जमीन भएका र दुई प्रतिशत घरधुरी भूमिहीन रहेको तथ्यांक पाईन्छ। खास गरि आर्थिक, सामाजिक रुपमा पिछडिएको समुदाय, जनजाती, दलित, सुकुम्बासी, कमैया, कमलरी, अव्यवस्थित बसोबासी, हलिया, हरुवा, चरुवा, वादी, चेपाङ, मुसहर, सन्थल, झागड, मुण्डा, देउकी लगायतका अति गरिब एवं जोखिमयुक्त जीवनयापन गरिरहेका समुदाय नै यस बञ्चितीकरणका शिकार बनिरहेका छन्।

विगतमा देश ठूला ठूला जनविद्रोह एवं जनआन्दोलनहरुबाट गुज्रिनुको प्रमुख कारण मध्ये भूमिमाथि पहुँचमा रहेको असमानता पनि एक हो। सन् २००६ को बृहत् शान्ति सम्झौतामा भूमिलाई आर्थिक सामाजिक रुपान्तरणको प्रमुख श्रोतको रुपमा पहिचान गरिएको छ भने नेपालको अन्तरिम संविधान २०६३ मा भूमि र भूमिश्रोतको पहुँचमा भएको भारी असमानतालाई न्यूनिकरण गर्न र श्रोतको महत्तम उपयोग गर्न वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्ने प्रावधान राखिएको छ। सामाजिक न्याय एवं समन्यायिक वितरण, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि, खाद्य संप्रभुता एवं खाद्य सुरक्षा, वातावरणीय संरक्षण एवं प्रवर्धन जस्ता विषयहरु सरकार एवं राजनैतिक दलहरुको मूल मुद्दा बनेका छन। जुन प्रत्यक्ष वा परोक्ष जमिनसँग नै सम्बन्धित छन्। भूमिश्रोतको सही पहिचान, परिचालन एवं उपयोग गर्न सक्ने हो भने देशको आर्थिक, सामाजिक रुपान्तरण, देशको समग्र समुन्नति एवं दीगो विकास र पर्यावरणीय सन्तुलन कायम राख्नको निम्ति भूमि एउटा प्रमुख श्रोतको रुपमा आउँछ। त्यसैले भूमि एवं भूमि

श्रोतको व्यवस्थापन र जग्गा प्रशासनमा सुधारको विषयलाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनु पर्दछ। अनि मात्र समग्र देशको सर्वाङ्गिण विकासको परिकल्पना गर्न सकिन्छ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय जग्गा प्रशासन एवं व्यवस्थापनसँग सम्बन्धित गतिविधिहरु संचालन गर्ने जिम्मेवार निकाय भएको हुनाले वैज्ञानिक एवं परिवर्तनकारी भूमिसुधारको क्षेत्रमा, भूमिश्रोतको दीगो व्यवस्थापनको क्षेत्रमा र जनतालाई सरल, सहज एवं सुलभ सेवा उपलब्ध गराउने कार्यमा निरन्तर जुटिरहनु पर्दछ। यसको अलावा देशको अन्तर्राष्ट्रिय सिमानाको सर्भेक्षण एवं नक्साङ्कन तथा व्यवस्थापन गर्ने, देशको टोपोग्राफिकल आधार नक्साहरु तयार गर्ने, समग्र विकास परियोजना तथा योजना तर्जुमा, नीति एवं निर्णयहरु निर्माणको निम्ति आवश्यक पर्ने विविध भू-सूचनाहरु संकलन एवं प्रशोधन गरी सम्बन्धित निकाय वा प्रयोगकर्तालाई त्यस्ता भौगोलिक सूचनाहरुमा पहुँच दिने जस्तो गहन जिम्मेवारी पनि यसै मन्त्रालय अन्तर्गत रहेको छ। न्यायपूर्ण, आधुनिक, एवं समुन्नत नयाँ नेपाल निर्माण अभियानको वर्तमान परिप्रेक्षमा यस मन्त्रालयले आफ्नो सम्पूर्ण इच्छा शक्ति र साधन श्रोत असल जग्गा प्रशासन प्रणालीको विकासका लागि लगाउनु परेको छ। साथै छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय एवं अद्यावधिक नापनक्सा एवं भू-सूचना सेवा र भूमिश्रोतको समुचित व्यवस्थापन एवं महत्तम उपयोगमा समेत केन्द्रित गर्नु पर्दछ। यसै सन्दर्भमा मन्त्रालयले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिहरु सहितको यो सोच पत्र अगाडि सारेको छ।

## २. दीर्घकालीन सोच (Vision)

भूमिमा समतामूलक पहुँच, भू-स्वामित्वको सुरक्षा, गुणस्तरीय भू-सुचनाको उपलब्धता एवं सेवा प्रवाहमा गुणस्तरीयता यस मन्त्रालयको दीर्घकालीन सोच रहेको छ।

## ३. परिदृष्य (Mission)

राष्ट्रिय नापनक्सा, कित्तानापी, जग्गा प्रशासन र भूमि श्रोतको व्यवस्थापनको क्षेत्रमा प्रवाह गरिने सेवा सुविधाहरुलाई सरलिकृत एवं आधुनिक पद्धतिबाट प्रवाह गरी गुणस्तरीय सेवा उपलब्ध गराउने यो मन्त्रालयको परिदृष्य रहेको छ।

## ४. उद्देश्य (Objective)

माथि उल्लिखित दीर्घकालिन सोच र परिदृष्य हासिल गर्न यस मन्त्रालयले देहायका रणनैतिक उद्देश्यहरु अंगिकार गरेको छ।

**४.१) वैज्ञानिक भूमिसुधार, भूमिमा समतामूलक पहुँचको आधार :**

आर्थिक सामाजिक रुपले पिछडिएका जनताको पुनर्स्थापना एवं भूमिमाथिको पहुँच सुनिश्चित गर्न अनुकुल वातावरण सिर्जना गर्ने।

**४.२) दीगो विकासका लागि भूमिश्रोतको महत्तम उपयोगः**

भूमि एवं भूमिश्रोतको दीगो उपयोग एवं व्यवस्थापन सुनिश्चित गर्न भू-उपयोग योजना बनाई कार्यान्वयन गर्ने।

**४.३) आम नागरिकको वृहत्तर हितका लागि सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षण :**

सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षणका निम्ति प्रभावकारी संयन्त्रको विकास गर्ने।

**४.४) सर्वसाधारणको सन्तुष्टिका लागि असल जग्गा प्रशासन :**

जग्गा प्रशासन सेवालाई सरल, सहज र प्रभावकारी तुल्याउन सेवा प्रवाह प्रणलीमा सुधार गर्ने ।

४.५) **गुणस्तरीय सेवा प्रवाहको निम्ति चुस्त एवं प्रभावकारी संस्थाको विकास :**

आम जनतामा गुणस्तरीय सेवा पुऱ्याउनका लागि संस्थागत संरचना र कार्य प्रकृयाहरुमा सुधार र पुनः संरचना गर्ने ।

४.६) **नयाँ नेपाल निर्माणका लागि नापनक्सा सेवामा आधुनिकीकरण,**

नापनक्सा सेवालाई समुन्नत बनाउन राष्ट्रिय नापनक्सा एवं कित्तानापी पद्धतिलाई आधुनिकीकरण गर्ने ।

४.७) **विद्युतीय शासनको लागि भू-सूचना प्रणालीको विकास :**

जिल्ला स्थित मालपोत र नापी कार्यालयहरुबाट सम्पादन हुने सेवा सुविधाहरुलाई प्रभावकारी बनाउन कम्प्यूटरमा आधारित भू-सूचना प्रणालीको विकास गर्ने ।

४.८) **राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार, सार्वजनिक लगानी समुचित उपयोगको आधार :**

राज्यका निर्णय प्रकृयाहरुमा भौगोलिक सूचनाहरुको आधिकारिक उपयोग गर्न, सूचना आदानप्रदान र सूचनामा प्रयोगकर्ताको सहज पहुँच दिन राष्ट्रिय भौगोलिक सूचना पूर्वाधारको प्रवर्धन गर्ने ।

४.९) **योग्य जनशक्ति तथा पर्याप्त पूर्वाधार, गुणस्तरीय सेवा प्रवाहको आधार :**

जग्गा प्रशासन, भूमि व्यवस्थापन एवं नापनक्साको क्षेत्रमा योग्य, दक्ष एवं तालीम प्राप्त जनशक्ति र पूर्वाधारको विकास गर्ने ।

## ५. रणनीति तथा क्रियाकलापहरु

**माथि उल्लिखित रणनीतिक उद्देश्य परिपूर्तिका लागि देहायका रणनीति तथा क्रियाकलापहरु अवलम्वन गरिने छ ।**

| | *रणनीति तथा क्रियाकलापहरु* | *अवधि* | | | | *समयावधि* |
|---|---|---|---|---|---|---|
| | | *अल्पकालीन ०-३ वर्ष)* | *मध्यकालीन (३-५वर्ष)* | *दीर्घकालीन (५ +वर्ष)* | *निरन्तर* | |
| | **उद्देश्य १ः वैज्ञानिक भूमिसुधार, भूमिमा समतामूलक पहुँचको आधार :** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक सामाजिक रुपले पिछडिएका जनताको पुनर्स्थापना एवं भूमिमाथिको पहूँच सुनिश्चित गर्न अनुकूल वातावरण सिर्जना गर्ने । | | | | | |
| *रणनीति १.१ : भूमि तथा भूमिमाथिको स्वामित्व सुरक्षित गर्ने दीर्घकालिन सोंच तय गर्न राष्ट्रिय भूमिनीति तथा भूमि सुधार नीतिको तर्जमा गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • उचित भूमि तथा भूमिसुधारको नीति तर्जुमा गर्ने । | | | | | ०-३ वर्ष |
| • नीति कार्यान्वयनका लागि प्रचलित कानूनी प्रणालीमा आवश्यक सुधार गरी कार्यान्वयन गर्ने । | | | | | ३-४ वर्ष |
| *रणनीति १.२ : अवसरबाट वञ्चित तथा भूमिहीन नागरिकहरुको पुनर्स्थापनाका लागि उपयुक्त योजना तय गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • पुनर्स्थापना गर्नुपर्ने वास्तविक मुक्त कमैया, हलिया लगायतका समूहहरुको पहिचान गर्ने । | | | | | ०-३ वर्ष |
| • पुनर्स्थापना सम्वन्धी सम्भाव्य विकल्पहरु उपलव्ध गराउने । (रोजगारीको अवसर,आवास तथा श्रमबजारमा पहुँच आदि) | | | | | ०-३ वर्ष |
| • पुनर्स्थापनाका लागि उपयुक्त योजना पहिचान तथा तर्जुमा गर्ने । | | | | | ०-५ वर्ष |
| • सीपमा आधारित तालिम योजना बनाई व्यापक रुपमा तालिम प्रदान गर्ने । | | | | | ०-५ वर्ष |
| **उद्देश्य २. दीगो विकासका लागि भूमिश्रोतको महत्तम उपयोगः** भूमि एवं भूमिश्रोतको दीगो उपयोग एवं व्यवस्थापन सुनिश्चित गर्न भू-उपयोग योजना बनाई कार्यान्वयन गर्ने । | | | | | |
| *रणनीति २.१ : भूमि एवं भूमिश्रोतको दीगो उपयोग तथा व्यवस्थापनका लागि उपयुक्त संस्थागत संयन्त्रको विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • राष्ट्रिय भू-उपयोग योजनाको तर्जुमा गरी पारित गराउने । | | | | | १-२ वर्ष |
| • नीति कार्यान्वयनका लागि प्रचलित कानूनमा पुनरावलोकन तथा संशोधन गर्ने । | | | | | १-२वर्ष |
| • सरकारका विभिन्न तहहरु भू-उपयोग योजनाको संरचना विकास गर्ने (केन्द्र, जिल्ला, नगर र गाँउ) । | | | | | २-४ वर्ष |
| *रणनीति २.२ : बढ्दो जनसंख्याका लागि कृषि उत्पादकत्वमा अभिवृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति गर्न आवश्यक कानूनी आधार र नीतिहरु तय गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • कृषि भूमिको संरक्षण तथा कृषि उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कानूनी | | | | | ०-३ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| आधार र नीतिहरु तय गरी लागू गर्ने । | | | | | |
| • सहकारी तथा कराखेती प्रणालीको प्रवर्द्धन गर्ने । | | | | | ०-३ वर्ष |
| *रणनीति २.३ : भू-उपयोग नीति तथा कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त संस्थागत संयन्त्रको स्थापना तथा विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • राष्ट्रिय भू-उपयोग आयोजनालाई सुदृढीकरण गर्न आवश्यक विज्ञ जनशक्ति परिपूर्ति गर्ने । | | | | | ०-३ वर्ष |
| • *भू-उपयोग नीति तथा कार्यक्रम कार्यान्वयनका लागि संस्थागत क्षमताको विकास गर्दै स्थानीय निकायहरुलाई आवश्यक सहयोग पुऱ्याउने ।* | | | | | २-५ वर्ष |
| *रणनीति २.४ : वृहत् भू-उपयोग सूचना प्रणालीको विकास गर्ने* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • प्रशासनिक निकायका विभिन्न तहहरुमा भू-उपयोग नक्शाहरु तयार गर्ने । | | | | | ०-५ वर्ष |
| • उपयुक्त भौगोलिक सूचना प्रणालीको विकास गरी भू-उपयोग सम्वन्धी सवै नक्शा र सूचनाहरुलाई समावेश गर्ने । | | | | | ०-५ वर्ष |
| • सूचना प्रणालीको निरन्तर सुधार तथा स्तरोन्नतिका लागि चुस्त एवं प्रभावकारी संयन्त्रको विकास गर्ने । | | | | | ०-५ वर्ष |
| *रणनीति २.५ : भू-उपयोग योजना तथा कार्यक्रमबाट हुने लाभ सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • विभिन्न तहमा सचेतना तथा पैरवी कार्यक्रमहरु संचालन गर्ने । | | | | | निरन्तर |
| • सार्वजनिक सूचनाहरु छापा तथा श्रव्यदृश्य माध्यमबाट प्रवाह गर्ने । | | | | | निरन्तर |
| **उद्देश्य ३. आम नागरिकको वृहत्तर हितका लागि सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षण :** सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षणका निम्ति प्रभावकारी संयन्त्रको विकास गर्ने । | | | | | |
| *रणनीति ३.१ : सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षणको लागि उपयुक्त संस्थागत संरचनाको स्थापना तथा विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • *सरकारी, सार्वजनिक र गुठी जग्गाको सु-संचालनको लागि जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट हुने गरी संगठनात्मक संरचनाको विकास गर्ने ।* | | | | | ०-३ वर्ष |
| • *सरकारी, सार्वजनिक र गुठी जग्गाको विवरण, सूचना तथा अभिलेख विभिन्न तहमा प्राप्त गरी अद्यावधिक गर्ने ।* | | | | | ०-३ वर्ष |
| • *गुठी जग्गाको प्रशासन स्थानीय तहमा ट्रष्ट प्रणालीबाट संचालन गर्न प्रारम्भ गर्ने ।* | | | | | ०-३ वर्ष |

**उद्देश्य ४. सर्वसाधारणको सन्तुष्टिका लागि असल जग्गा प्रशासन प्रणाली :**

जग्गा प्रशासन सेवालाई सरल, सहज र प्रभावकारी तुल्याउन सेवा प्रवाह प्रणालीमा सुधार गर्ने ।

*रणनीति ४.१ : देशभरीका सम्पूर्ण कित्ता जग्गाहरुलाई दर्ता गर्ने व्यवस्था मिलाउने ।*

| **क्रियाकलाप** | | | | | |
|---|---|---|---|---|---|
| • गाँउब्लकमा परेका सवै कित्ताहरुको नापी र दर्ता गर्ने कार्य सञ्चालन गर्ने । | | | | | ०-३ वर्ष |
| • दर्ता नभएका जग्गालाई नापी तथा दर्ता गर्ने कार्य सम्पन्न गर्ने । | | | | | ०-५ वर्ष |
| • अव्यवस्थित वसोवास तथा कित्तानापीको दायरा बाहिरको जग्गाको सम्वन्धी तथ्यांक संकलन गर्ने । | | | | | ५+ वर्ष |

*रणनीति ४.२ : भूमि प्रशासन प्रणालीमा भौगोलिक सूचना प्रविधिको उपयोग (GEO-ICT Application) प्रारम्भ गर्ने ।*

| **क्रियाकलाप** | | | | | |
|---|---|---|---|---|---|
| • संगठनमा भू-सूचना प्रणालीलाई पूर्णरुपमा लागू गर्न आवश्यक पूर्वाधारको विकास गर्ने । | | | | | निरन्तर |
| • सेवा प्रवाहमा भौगोलिक सूचना प्रविधिको विस्तार गर्ने । | | | | | निरन्तर |
| • कार्यालयबाट प्रवाह हुने प्रत्येक कार्यहरुको SOP (Standard Operating Procedure) तयार गर्ने । | | | | | ०-२ वर्ष |
| • ईन्टरनेटको माध्यमद्वारा जग्गा प्रशासन सम्वन्धी सेवाहरु उपलब्ध गराउने । | | | | | निरन्तर |

*रणनीति ४.३ : जग्गा दर्ता प्रणालीमा सुधार गर्ने ।*

| **क्रियाकलाप** | | | | | |
|---|---|---|---|---|---|
| • जग्गादर्ता तथा स्वामित्व हस्तान्तरण सम्वन्धी प्रक्रियालाई सरलीकृत गर्ने । | | | | | निरन्तर |
| • कित्तानक्सा प्रणालीको सुरुवात गरी (Parcel Mapping) जग्गा दर्ता गर्दा यसलाई अनिवार्य गर्ने व्यवस्था मिलाउने । | | | | | निरन्तर |
| • हक दर्ता प्रणाली (Title Registration System) अवलम्बन गर्न सम्भाव्य क्षेत्रहरुको पहिचान गरी नमूना परीक्षण गर्दै लागू गर्ने । | | | | | ३-५ वर्ष |
| • हक दर्ता प्रणालीलाई (Title Registration System) विस्तार गर्दै लैजाने । | | | | | ५+ वर्ष |

**उद्देश्य ५. गुणस्तरीय सेवा प्रवाहको निम्ति चुस्त एवं प्रभावकारी संस्थाको विकास :**

आम जनतामा गुणस्तरीय सेवा पुऱ्याउनका लागि संस्थागत संरचना र कार्य प्रकृयाहरुमा सुधार र पुनः संरचना गर्ने ।

*रणनीति ५.१ : प्रभावकारी संगठनात्मक संरचनाको लागि संगठनात्मक पूनर्संरचना गर्ने ।*

| **क्रियाकलाप** | | | | | |
|---|---|---|---|---|---|
| • संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने । | | | | | ०-१ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • संगठन संरचनाको सामयिक पुनर्संरचना गर्ने । | | | | | १-५ वर्ष |
| | | • भूमि प्रशासन सम्वन्धी सेवा समुह गठन गर्न प्रयासरत रहने । | | | | | निरन्तर |
| | *रणनीति ५.२ : सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी बनाउन कार्यप्रक्रियाहरुमा पुनर्संरचना गर्ने ।* | | | | | | |
| | | **क्रियाकलाप** | | | | | |
| | | • विद्यमान कार्यप्रक्रियाको प्रभावकारिता मूल्यांकन गर्ने । | | | | | ०-१ वर्ष |
| | | • मुख्य तथा सहायक कार्यहरुको पहिचान गरी सहायक कामहरुलाई वाह्यक्षेत्रबाट गर्ने (Outsourcing) व्यवस्था मिलाउने । | | | | | ०-१ वर्ष |
| | | • भूमि सम्वन्धी मुद्दाहरुको छिटो छरितो रुपमा न्यायिक निर्णय गराउन भूमि न्यायाधिकरणको स्थापना गर्ने । | | | | | १-२ वर्ष |
| | | • सेवा प्रवाहमा विद्युतीय शासन प्रणाली अवलम्वन गर्ने । | | | | | निरन्तर |
| | | • सेवा प्रवाह सम्वन्धी कार्यविधि र कार्यप्रक्रियाहरुमा सरलीकरण गर्ने र सेवा प्रणालीलाई पारदर्शी बनाई भ्रष्टाचारको शून्य सहिष्णुता कायम गर्ने । | | | | | निरन्तर |
| | | • छिटो छरितो सेवा प्रवाहको लागि एकद्वार सेवा प्रणालीको स्थापना गर्ने । | | | | | १-५ वर्ष |
| | | • गुणस्तरीय सेवा प्रवाहको लागि कर्मचारीहरुलाई उत्प्रेरित गर्न प्रोत्साहन प्रणालीको सुरुवात गर्ने । | | | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| *रणनीति ५.३ : कानूनी सुधार गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • प्रचलित कानूनमा रहेका कमी कमजोरी तथा दोहोरोपन बारे पुनरावलोकन गर्ने । | | | | | ०-१ वर्ष |
| • आवश्यकतानुसार सम्बन्धित ऐन तथा नियमहरुमा संशोधन गर्ने । | | | | | निरन्तर |
| • भूमि सम्वन्धी एकीकृत कानून तर्जुमा गर्ने । | | | | | ०-२ वर्ष |
| **उद्देश्य ६. नयाँ नेपाल निर्माणका लागि नापनक्सा सेवामा आधुनिकीकरण:** नापनक्शा सेवालाई समुन्नत बनाउन राष्ट्रिय नापनक्सा एवं कित्तानापी पद्धतिलाई आधुनिकीकरण गर्ने । | | | | | |
| *रणनीति ६.१ : नापनक्शा तथा कित्तानापी क्रियाकलापहरुमा आधुनिक प्रविधिको प्रयोग गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • नापनक्शा एवं कित्तानापीमा आधुनिक प्रविधिको सुरुवात तथा विकास गर्ने । | | | | | ०-५ वर्ष |
| • आधुनिक प्रविधिको उपयुक्तताको परीक्षण र मूल्यांकन गर्ने | | | | | ०-५ वर्ष |
| • उपयुक्त प्रविधिको प्रयोग र विस्तार गर्ने । | | | | | निरन्तर |
| *रणनीति ६.२ : नापनक्शा सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • विद्यमान स्थलरुप र Thematic नक्शाहरु अद्यावधिक गर्दै जाने । | | | | | ०-२ वर्ष |
| • खगोलीय संजाल प्रणालीलाई मुलुकभर विस्तार र सुदृढ गर्ने । | | | | | ०-५ वर्ष |
| • भौगोलिक सूचना प्रणालीलाई ईन्टरनेट मार्फत उपलब्ध गराउने । | | | | | २-१० वर्ष |
| *रणनीति ६.३ : मागमा आधारित सेवाहरु उपलब्ध गराउन आवश्यक पूर्वाधारको स्थापना गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • भौगोलिक सूचनाहरुको आवश्यकता मूल्यांकन गर्ने । | | | | | ०-३ वर्ष |
| • मागमा आधारित सेवा प्रवाहका लागि आवश्यक पूर्वाधारहरु (Hardware, Software, तथ्यांक, मानवक्षमता) को विकास गर्ने । | | | | | ५+ वर्ष |
| *रणनीति ६.४ : अन्तर्राष्ट्रिय सीमा सूचना प्रणालीको विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • अन्तर्राष्ट्रिय सीमा संग सम्बन्धित दस्तावेजलाई Digitalize गर्ने । | | | | | ०-३ वर्ष |
| • अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनका लागि आवश्यक सूचना प्राप्त गर्ने र विद्यमान सीमा सम्वन्धी सूचनाहरुलाई सुधार गर्ने । | | | | | ०-३ वर्ष |
| • अन्तर्राष्ट्रिय सीमा सूचनाहरुलाई नियमित रुपमा अद्यावधिक गर्दै लैजाने । | | | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| **उद्देश्य ७. विद्युतीय शासनका लागि , भू-सुचना प्रणालीको विकास :** जिल्लास्थित मालपोत र नापी कार्यालयहरुबाट सम्पादन हुने सेवा सुविधाहरुलाई प्रभावकारी बनाउन कम्प्यूटरमा आधारित भू-सूचना प्रणालीको विकास गर्ने । | | | | | |
| *रणनीति ७.१ : मुलुकभरका भूमिसम्बन्धी अभिलेखहरुलाई संयोजन गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • मूलुकभरका भूमिसम्बन्धी अभिलेखहरु (तामेली फाँटमा रहेका अभिलेख समेत) लाई कम्प्यूटरीकृत गर्ने । | | | | | ०-५ वर्ष |
| • कित्तानापीमा फिल्ड सर्भेक्षणबाट डाटा संकलनको लागि डिजिटल प्रविधि अवलम्बन गर्ने । | | | | | ०-५ वर्ष |
| *रणनीति ७.२ : केन्द्र र जिल्लातहमा एकीकृत भू-सूचना प्रणालीको विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • एकीकृत भू-अभिलेख सहितको उपयुक्त भू-सूचना प्रणालीको पुनरावलोकन तथा पुनर्तर्जुमा गर्ने । | | | | | ०-५ वर्ष |
| • जग्गा प्रशासन तथा कित्तानापीको क्षेत्रमा Open source software को प्रयोग तथा प्रवर्धन गर्ने । | | | | | ०-५ वर्ष |
| • डाटा स्थानान्तरण प्रविधि, हार्डवेयर, सफ्टवेयर र मानवीय क्षमता सहितको एउटा प्रभावकारी संयन्त्र स्थापना गरी नियमित रुपमा अद्यावधिक तथा आधुनिकीकरण गर्ने । | | | | | ०-५ वर्ष |
| *रणनीति ७.३ : ब्याक-अप सहितको आधुनिक अभिलेखालयको स्थापना गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • सरकारी, सार्वजनिक तथा गुठी जग्गाको विद्यमान अभिलेखलाई डिजिटल रुपमा रुपान्तरण गर्ने । | | | | | ०-५ वर्ष |
| • अभिलेखहरुको ब्याकअपको लागि मूलुकको कम्तिमा तीनवटा ठाउँमा आवश्यक पूर्वाधारको विकास गर्ने । | | | | | ५+ वर्ष |
| • अभिलेखको नियमित अद्यावधिक गर्नको लागि एउटा सुदृढ संयन्त्रको विकास गर्ने । | | | | | ५+ वर्ष |
| **उद्देश्य ८. राष्ट्रिय भौगोलिक सूचना पूर्वाधारः सार्वजनिक लगानीको समुचित उपयोगको आधारः** राज्यका निर्णय प्रक्रियाहरुमा भौगोलिक सूचनाहरुको आधिकारिक उपयोग गर्दै सूचना आदान प्रदान र सूचनामा प्रयोगकर्ताको सहज पहुँच दिन राष्ट्रिय भौगोलिक सूचना पूर्वाधारको प्रवर्द्धन गर्ने । | | | | | |
| *रणनीति ८.१ : राष्ट्रिय भौगोलिक सूचना सम्बन्धी क्रियाकलापहरु कार्यान्वियनका लागि प्रभावकारी संगठनात्मक संरचना र संस्थागत प्रणालीको विकास गर्ने ।* | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **क्रियाकलाप** | | | | | |
| • विद्यमान भौगोलिक सूचना पूर्वाधार आयोजनालाई स्तरोन्नति गरी एउटा स्थायी संस्थाको रुपमा विकास गर्ने । | | | | | ०-३ वर्ष |
| • भौगोलिक सूचना पूर्वाधार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | | | | | ०-२ वर्ष |
| *रणनीति ८.२ : भौगोलिक सूचनाको क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरुलाई भौगोलिक सूचना पूर्वाधारको संजालमा ल्याउने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • भौगोलिक सूचना पूर्वाधारको संजाल भित्र ल्याउन सकिने सम्भाव्य निकायहरुको पहिचान गर्ने । | | | | | ०-२ वर्ष |
| • भौगोलिक सूचना पूर्वाधारको महत्वको बारेमा पैरवी गर्ने कार्यक्रम संचालन गर्ने । | | | | | ०-५ वर्ष |
| • भौगोलिक सूचना पूर्वाधारको संजाल भित्र आउने निकायहरुको भूमिका र जिम्मेवारीलाई परिभाषित गर्ने । | | | | | २-३ वर्ष |
| • भौगोलिक सूचना पूर्वाधारको संजाल भित्र आवद्ध हुन सम्बन्धित निकायहरुलाई प्रोत्साहन हुने वातावरण तयार गर्ने । | | | | | ०-५ वर्ष |
| **उद्देश्य ९. योग्य जनशक्ति तथा पर्याप्त पूर्वाधारः गुणस्तरीय सेवा प्रवाहको आधारः** जग्गा प्रशासन, भूमिव्यवस्थापन एवम् नापनक्शाको क्षेत्रमा योग्य, दक्ष एवम् तालिमप्राप्त जनशक्तिको विकास गर्ने । | | | | | |
| *रणनीति ९.१ : कार्यालयहरुमा पर्याप्त पूर्वाधारको विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • उपयुक्त ढाँचामा सवै जिल्लास्थित कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गर्ने । | | | | | ०-१० वर्ष |
| • आवश्यक मात्रामा फर्निचर, सरसामाग्रीहरु तथा पूर्वाधारको विकास गरी कार्यालयहरुको काम गर्ने वातावरणलाई गुणस्तरीय बनाउने । | | | | | निरन्तर |
| *रणनीति ९.२ : आन्तरिक तथा वाह्य निकायहरु संग साझेदारी विकास गर्ने ।* | | | | | |
| **क्रियाकलाप** | | | | | |
| • साझेदारीको लागि उपयुक्त कार्यक्रमहरु तय गर्ने । | | | | | ०-३ वर्ष |
| • सम्भाव्य दातृ निकायहरुको खोजि गर्ने । | | | | | ०-३ वर्ष |
| • संयुक्त एवम् साझेदारी प्रयत्नमा संचालन गर्न सकिने विभिन्न कार्यक्रमहरुलाई कार्यान्वयनमा ल्याउने । | | | | | ०-५ वर्ष |
| *रणनीति ९.३ : उपयुक्त मानव संशाधन व्यवस्थापन योजना तर्जुमा गर्ने ।* | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **क्रियाकलाप** | | | | | |
| | | • कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास गर्ने । | | | | | ०-२ वर्ष |
| | | • आवश्यकता अनुसार भौगोलिक सूचना प्रविधि सम्बन्धी विज्ञ जनशक्ति नियुक्त गर्ने । | | | | | ०-२ वर्ष |
| | | • पारदर्शी सरुवा नीति तर्जुमा गर्ने र यस नीतिलाई कार्यालयको कार्यबोझ संग आवद्ध गर्ने । | | | | | ०-२ वर्ष |
| | | • मंत्रालय तथा विभागहरुका अनुगमन महाशाखा/शाखालाई सुदृढ गर्ने । | | | | | ०-२ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | *रणनीति ९.३ : उपयुक्त मानव संशाधन व्यवस्थापन योजना तर्जुमा गर्ने ।* | | | | | | |
| | | **क्रियाकलाप** | | | | | |
| | | • शैक्षिक योग्यता, पेशागत क्षमता र दक्षताको आधारमा कर्मचारीहरुको क्षमतालाई पुनरावलोकन गर्ने । | | | | | ०-२ वर्ष |
| | | • वैदेशिक संस्थाहरुमा उच्च शिक्षा तथा तालिमहरुको अवसरहरुको खोजि गर्ने । | | | | | ०-२ वर्ष |
| | | • प्रभावकारी सेवा प्रवाहको लागि आवश्यक संख्यामा सक्षम जनशक्ति तयार गर्न भूमिव्यवस्थापन प्रशिक्षण केन्द्रलाई सुदृढ गर्ने । | | | | | निरन्तर |
| | | • कर्मचारीहरुलाई आवधिक रुपमा पुनर्ताजगी तालिमहरु प्रदान गर्ने । | | | | | निरन्तर |
| | | • पेशागत महत्वका क्षेत्रमा अनुसन्धान तथा विकास सम्बन्धी कृयाकलापहरु संचालन गर्ने । | | | | | निरन्तर |

***द्रष्टव्य: मन्त्रालय अन्तर्गतका सवै विभाग तथा आयोजनाहरुले आ-आफ्नो रणनीतिक योजना तर्जुमा गरेका छन् । मन्त्रालय र अन्तर्गतको विस्तृत रणनीतिहरुको लागि ती दस्तावेजहरु साभार गर्न सकिनेछ ।***